नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

इमेल: daokanchanpur@moha.gov.np

प.सं. ०७७/०७८
च.नं.

मिति: २०७७।०७।१२

## सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सूचना

कोभिड- १९ को संक्रमण दर दिन प्रतिदिन बढ्दै गई रहेको र यस कार्यालयका केही कर्मचारीहरुमा समेत संक्रमण देखिएको हुँदा भिडभाडको कारण कर्मचारी र सेवाग्राहीमा थप संक्रमण फैलिन सक्ने उच्च जोखिमलाई मध्यनजर गर्दै कार्यालयमा स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना गरी, गराई सेवाग्राहीलाई सुरक्षित र सहजरुपमा सेवा प्रवाह गर्न मिति २०७७।०७।१३ देखि अर्को सूचना जारी नभएसम्मको लागि तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

### तपसिल

| क्र.सं. | सेवा प्रवाह हुने वार | स्थानीय तह | प्रवाह हुने सेवा | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|
| १ | आईतवार सोमवार | भिमदत्त नगरपालिका | नयाँ नागरिकता | ४० जना |
| | | पुनर्वास नगरपालिका | प्रतिलिपि नागरिकता | ४० जना |
| | | बेलौरी नगरपालिका | राहदानी | ४० जना |
| २ | मंगलवार बुधवार | कृष्णपुर नगरपालिका | नयाँ नागरिकता | ४० जना |
| | | शुक्लाफाँटा नगरपालिका | प्रतिलिपि नागरिकता | ४० जना |
| | | लालझाडी गाउँपालिका | राहदानी | ४० जना |
| ३ | बिहीवार शुक्रवार | बेतकोट नगरपालिका | नयाँ नागरिकता | ४० जना |
| | | महाकाली नगरपालिका | प्रतिलिपि नागरिकता | ४० जना |
| | | बेलडाँडी गाउँपालिका | राहदानी | ४० जना |

द्रष्टव्यः १. माथि उल्लिखित सेवा बाहेक अन्य सेवाहरु साविकमा झै नियमित रुपमा प्रवाह गरिनेछ ।

२. उल्लिखित सेवाहरु प्राप्त गर्नु पूर्व कार्यालयको प्रवेशद्वारबाट उपलब्ध गराईने टोकन अनिवार्य रुपमा लिनु पर्नेछ । अग्रीमरुपमा टोकन प्राप्त गर्न फोन नं ०९९५२०७०८ मा सम्पर्क गरी नाम टिपाउन सकिनेछ ।

३. कार्यालयभित्र प्रवेश गर्ने सेवाग्राही वा व्यक्तिले साबुन पानीले हातधुने, स्यानिटाईजर, मास्क प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

४. कोरोनाको लक्षण देखिएको वा ज्वरो रुघाखोकी लागेको व्यक्तिलाई कार्यालय प्रवेशमा निषेध गरिएको छ ।

०७७/७/१२

कल्पना भट्ट
प्रशासकीय अधिकृत

कल्पना भट्ट
प्रशासकीय अधिकृत